दुप्चेश्वर गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ९ संख्या १ असार १२, २०८२ साल

**भाग-१**

**दुप्चेश्वर गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**समुन्द्रटार, नुवाकोट**

बागमती प्रदेश, नेपाल

## दुप्चेश्वर गाउँपालिकाको आर्थिक ऐन २०८२

प्रस्तावनाः

दुप्चेश्वर गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यन्वयन गर्नको निमित्त स्थानीय कर तथा शूल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वान्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम दुप्चेश्वर गाउँ सभाको १५ औं अधिबेशनले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "दुप्चेश्वर गाउँपालिकाको आर्थिक ऐन, २०८२" रहेको छ ।

२. **सम्पत्ति कर :** दुप्चेश्वर गाउँपालिकाका क्षेत्रभित्र अनुसूची (१) बमोजिम एकिकृत सम्पत्ति कर/घर जग्गा कर लगाईने र असूल उपर गरिनेछ।

३. **बहाल कर :** दुप्चेश्वर गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर,जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (२) बमोजिम घर जग्गा बहाल कर लगाईने र असूल उपर गरिनेछ।

४. **मालपोत/भूमी कर :** दुप्चेश्वर गाउँपालिका क्षेत्र भित्र अनुसूची (३) बमोजिम मालपोत/भूमी कर लगाईनेछ।

५. **व्यवसाय कर :** दुप्चेश्वर गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय, वा सेवामा पूँजिगत लगानी र आर्थिक कारोबारको आधारमा अनुसूची (४)बमोजिम व्यवसाय कर लगाईने र असूल उपर गरिनेछ ।

६. **जडिबुटि, कवाडी र जीवजन्तु कर :** दुप्चेश्वर गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटि, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख,

छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरे बापत अनुसूची (
५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

**७. विज्ञापन कर :** दुप्चेश्वर गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (६) बमोजिम विज्ञापन कर लगाईने र असूल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

**८. मनोरञ्जन कर :** दुप्चेश्वर गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा प्रदेश सरकारले तोके बमोजिम अनुसूची (७) मनोरञ्जन कर लगाईने र असूल उपर गरिनेछ।

**९. सेवा शूल्क, दस्तुर :**गाउँपालिका निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची (८) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शूल्क लगाईने र असूल उपर गरिनेछ।

**१०. कर छुट :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

**११. कर तथा शूल्क संकलन सम्बन्धी कार्यविधि :** या ऐनमा भएको व्यवस्था अनुसार कर तथा शूल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ।

**१२. खारेजी :** यो ऐनले दुप्चेश्वर गाउँपालिका आर्थिक ऐन २०८२ लाई प्रतिस्थापन गर्दछ ।

## अनुसूची १
## (दफा २ सँग सम्बन्धित)
### सम्पत्तीकरका दरहरु

| क्र.सं. | सम्पत्तीको मुल्यांकन | करको दर | कैफियत |
|---|---|---|---|
| १ | रु.१० लाख सम्म | ३००।०० | |

| | | | |
|---|---|---|---|
| २ | रु. १० देखि २० लाख सम्म | ०.०५% | |
| ३ | रु. २० देखि ५० लाख सम्म | ०.२५% | |
| ४ | रु. ५० देखि १ करोड सम्म | ०.५०% | |
| ५ | रु. सो भन्दा माथि रकममा | १.५०% | |

**सम्पत्ति कर प्रयोजनका लागि घर संरचनाको मूल्यांकन तथा ह्रास कट्टी दर**

| सि.नं. | संरचनाको किसिम | २०८२।०८३ को लागि निर्धारित दर | | कैफियत |
|---|---|---|---|---|
| | | मूल्यांकन दर प्रति वर्गफिट | ह्रास कट्टी प्रति बर्ष प्रतिशत | |
| १ | आर.सि.सि. पक्की घर | ८।०० | १ | |
| २ | सिमेन्ट जोडाई, जस्ताको छाना | ५।०० | २ | |
| ३ | ढुंगा माटो जोडाई कच्ची घर | ३।०० | ३ | |
| ४ | लिफ्ट एक्सलेटर जडान गरेका आर.सि.सि. घर | १५।०० | १ | |
| ५ | स्टिल फ्रेम स्टक्चर तथा फ्याब्रिक्स | १२।०० | १ | |

**नोटः**

**१.** उपरोक्त करको दर निर्धारण गर्ने प्रयोजनको लागि आ.ब.२०८२।०८३ को हकमा नुवाकोट जिल्लाको दर रेट निर्धारण समितिले निर्धारण गरेको जग्गाको मूल्यलाई न्यूनतम आधार मानिने र घरको हकमा घरको भुईतलाको क्षेत्रफललाई तला संख्याले गुणन गरी आउने क्षेत्रफल (वर्ग फिट) का आधारमा मूल्यांकन गरी कूल सम्पत्तीको मूल्यांकन कायम गरिनेछ ।

**अनुसूची २**
**(दफा ३ सँग सम्बन्धित)**
**बहाल करको दर रेट**

दुप्चेश्वर गाउँपालिका क्षेत्रभित्र कुनै पनि प्रयोजनको लागि कोठा, सटर, पसल, कबल बहालमा दिए बापत हुने आम्दानीमा घरधनीबाट बहाल कर उठाउने र सो करको दर कूल बहालको १०% कायम गर्ने ।

- जग्गा बहाल कर (कृषि प्रयोजन ) २ %
- जग्गा बहाल कर (व्यवसाय प्रयोजन ) ४ %

गाउँपालिकाको स्वामित्वमा रहेको व्यवस्थित सटर, पसल, कबल, भवन, खेती योग्य जमिन वा अन्य जमिन लिजमा दिँदा प्रचलित कानून बमोजिम प्रतिस्पर्धात्मक विधीबाट लिजमा वा ठेक्कामा लगाउन सकिनेछ ।

| सि.नं. | विवरण | प्रति रोपनी दर | कैफियत |
|---|---|---|---|
| १ | अब्बल खेत/बारी | ५० | |
| २ | दोयम खेत/बारी | ४० | |
| ३ | सिम खेत/बारी | ३० | |
| ४ | चाहार खेत/बारी | २० | |

**अनुसूची ३**
**(दफा ४ सँग सम्बन्धित)**
**मालपोत/भूमीकरको दर रेट**

**१.** २ वर्ष भन्दा लामो समयसम्म कर नबुझाउनेलाई जम्मा रकममा २५%, ५ बर्ष भन्दा बढी समय नबुझाउनेलाई ३५% र ८ बर्ष भन्दा लामो समय कर बुझाउनेलाई ५०% थप जरिवाना लाग्नेछ ।

**२.** समयमा तिरो नबुझाउनेलाई कुनै पनि समितिमा **उपभमोक्ता समिति लगायत** सहभागी हुन योग्य मानिने छैन ।

**३.** गाउँकार्यपालिकाको निर्णय अनुसार गाउँकार्यपालिकाले तोकी कर उठाउने ।

**अनुसूची ४**
**(दफा ५ सँग सम्बन्धित)**
**व्यवसाय करको दर रेट**

दुप्चेश्वर गाउँपालिका क्षेत्र भित्र व्यापार व्यवसाय वा पेसा गर्दा व्यापार व्यवसाय वा पेसामा पुंजीगत लगानी र आर्थिक कारोवारको आधारमा बार्षिक रुपमा देहाय बमोजिम व्यवसाय कर असुल गर्ने ।

| क्र.सं | व्यवसायको किसिम | ठूला व्यवसाय/ उद्योग ५ देखि २० लाख सम्म | थोक/ मझौला ३ देखि ५ लाखसम्म | खुद्रा/लघु/ घरेलु ३ लाखसम्म | खुद्रा/लघु/ घरेलु १ लाखसम्म |
|---|---|---|---|---|---|
| **व्यापारिक बस्तुहरु** | | | | | |
| १. | पान,चुरोट,विडी, सुर्ती जन्य पदार्थको विक्रेता | ७००० | ५००० | ३००० | १००० |
| २ | मदिरा, वियर, कोल्ड ड्रिक्स | १०००० | ७००० | ५००० | ३००० |
| ३ | मदिरा, वियर र नास्ता, खाना सहितको होटल | १०००० | ७००० | ५००० | ३००० |
| ४ | सुन चाँदी पसल गहना बनाउने, प्रशोधन र विक्री गर्ने | १०००० | ७००० | ५००० | ३००० |
| ५ | स्टेशनरी तथा पुस्तक | ३००० | २००० | १५०० | १००० |
| ६ | फर्निचर तथा फर्निसिङ, बेड विस्तारा निर्माण | ८००० | ५००० | ४००० | ३००० |
| ७ | मोबाईल, घडी लगायतका इलेक्ट्रोनिक सामान | ५००० | ३००० | २००० | १००० |
| ८ | कम्प्युटर, फोटोकपी लगायत सो सामान विक्री वितरण गर्ने पसल | ८००० | ५००० | ४००० | ३००० |
| ९ | पेट्रोल पम्प | १०००० | ८००० | ५००० | ३००० |
| १० | पेट्रोल बिकी केन्द्र | ८००० | ५००० | ४००० | ३००० |
| ११ | ग्यास सिलिन्डर सब डिलर | ८००० | ५००० | ४००० | ३००० |
| १२ | मट्टितेल बिकि केन्द्र | ८००० | ५००० | ४००० | ३००० |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | सवारी साधन, मोटर साईकल, स्कुटर र पार्टस विक्री | १५००० | १०००० | ८००० | ५००० |
| १४ | सवारी मर्मत जीप, कार, बस ठूला सवारी मर्मत | १०००० | ८००० | ५००० | ४००० |
| १५ | सवारी साधन मोटर साईकल, स्कुटर मर्मत | १०००० | ८००० | ५००० | ४००० |
| १६ | साइकल पसल, तथा मर्मत | ५००० | ३००० | २००० | १००० |
| १७ | गिफ्ट सप | ३००० | २००० | १५०० | १००० |
| १८ | टिनको बाकस , फर्निचर | ८००० | ५००० | ४००० | ३००० |
| १९ | बेत, बासको फर्निचर बनाउने | ५००० | ३००० | २००० | १००० |
| २० | एग्रोभेट, भेटिनरी | ८००० | ५००० | ४००० | ३००० |
| २१ | पूजा सामाग्री पसल | ५००० | ३००० | २००० | १००० |
| २२ | अन्य पसल | ५००० | ३००० | २००० | १००० |
| **दैनिक उपभोगजन्य पदार्थहरु** | | | | | |
| २३ | कपडा पसल, फेन्सी स्टोर | ५००० | ३००० | २००० | १५०० |
| २४ | खाद्यान्न किराना पसल | ७००० | ५००० | ३००० | २००० |
| २५ | भाडा पसल | ८००० | ५००० | ४००० | ३००० |
| २६ | किराना लगायतको घुम्ती पसल | | | | ५०० |
| २७ | खाद्यान्न खरिद विक्री | ७००० | ५००० | ३००० | २००० |
| २८ | कपडा सर्टिङ सुटिङ, सिलाई | ५००० | ३००० | २००० | १००० |
| २९ | मैनवत्ती / धुप उद्योग | ७००० | ५००० | ३००० | २००० |
| ३० | दुग्ध उद्योग, डेरी उद्योग/बाखा,गाई,भैंसी फर्म | ५००० | ३००० | २००० | १००० |
| ३१ | पानी सम्बन्धी उद्योग | ८००० | ५००० | ३००० | २००० |
| **निर्माण सेवा** | | | | | |
| ३२ | हार्डवेयर पसल | ८००० | ५००० | ३००० | २००० |
| ३३ | सिमेन्ट र फलामे डण्डी, अलग्गै बिक्रि गर्ने | ८००० | ५००० | ३००० | २००० |
| ३४ | शिसा प्लाइउड सनमाईका रंग रोगन | ८००० | ५००० | ३००० | २००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | तथा स्यानिटरीका सामान वेच्ने | | | | |
| ३५ | बिजुलीका सामानहरु | ७००० | ५००० | ३००० | २००० |
| ३६ | गिटी ढुंगा, बालुवा, ईट्टा उद्योग | १०००० | ७००० | ५००० | ३००० |
| ३७ | क्रसिंङ उद्योग | २०००० | १५००० | १२५०० | १०००० |
| ३८ | काठ मिल | १०००० | ७००० | ५००० | ३००० |
| ३९ | निर्माण व्यवसायी क, ख र ग/घ वर्ग क्रमशः | १०००० | ५००० | | ३००० |
| ४० | केबुलकार, रोपवे, ट्रलिबस, फ्लाइङ ब्रिज जस्ता उद्योग | १०००० | ७००० | ५००० | ३००० |
| ४१ | निर्माण उपकरण जे.सि.वी., एक्साभेटर, रोलर, ट्रिपर आदि | ३ भन्दा माथी रु.२०००० | ३ सम्म रु.१५००० | २ सम्म रु.१२५०० | एकमात्र रु.१०००० |
| ४२ | मिक्सर, थ्रेसर | ३ भन्दा माथी रु.१०००० | ३ सम्म रु.८००० | २ सम्म रु.७००० | एकमात्र रु.५००० |
| ४३ | ह्युमपाइप, ब्लक, टायल, कुवाको रिङ लगायत निर्माण | ७००० | ५००० | ३००० | २००० |
| ४४ | इट्टा उद्योग | | | | २००००० |
| **कृषि तथा पशुजन्य व्यवसाय** | | | | | |
| ४५ | ह्याचरी उद्योग | ८००० | ५००० | ३००० | २००० |
| ४६ | पोल्ट्री फर्म | ८००० | ५००० | ३००० | २००० |
| ४७ | माछा पालन | ५००० | ३००० | २००० | १००० |
| ४८ | कृषि तथा पशुपालन फर्म | ५००० | ३००० | २००० | १००० |
| ४९ | मासु पसल, माछा पसल | ५००० | ३००० | २००० | १००० |
| ५० | पशु पंक्षी बधशाला | १०००० | ८००० | ५००० | ३००० |
| ५१ | तरकारी फलफूल पसल | ५००० | ३००० | २००० | १००० |
| ५२ | चामल मिल , च्युरा मिल | ७००० | ५००० | ३००० | २००० |
| ५३ | तेल मिल | ७००० | ५००० | ३००० | २००० |
| ५४ | कुटानी पिसानी घरेलु उद्योग | ५००० | ३००० | २००० | १००० |
| ५५ | मसला पिस्ने घरेलु उद्योग | ५००० | ३००० | २००० | १००० |
| ५६ | नर्सरी फलफूल, फूल | ५००० | ३००० | २००० | १००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ५७ | चिस्यान केन्द्र (निजी) | १०००० | ८००० | ५००० | ३००० |
| ५८ | चिस्यान केन्द्र (सामुदायबाट संचालित) | ७००० | ५००० | ३००० | २००० |
| **सेवा उद्योग** | | | | | |
| ५९ | अपसेट प्रेस, फ्लेक्स प्रिन्ट | ८००० | ५००० | ३००० | २००० |
| ६० | स्क्रिन प्रिन्ट छाप बनाउनेलाई | ८००० | ५००० | ३००० | २००० |
| ६१ | डिजिटल फोटोल्याव | ५००० | ३००० | २००० | १००० |
| ६२ | फोटो स्टुडियो मात्र | ५००० | ३००० | २००० | १००० |
| ६३ | फोटोकपी, प्रिन्ट सेवा | ५००० | ३००० | २००० | १००० |
| ६४ | होटल लज सहितको | १०००० | ७००० | ५००० | ३००० |
| ६५ | होम स्टे | ५००० | ३००० | २००० | १००० |
| ६६ | चलचित्र घर | १०००० | ७००० | ५००० | ३००० |
| **ढुवानी व्यवसाय** | | | | | |
| ६७ | ट्रक व्यवसाय (संख्या अनुसार) | ३ भन्दा माथि रु.२०० ०० | ३ सम्म रु.१७००० | २ सम्म रु.१५००० | एकमात्र ट्रक रु. १०००० |
| ६८ | ट्रिपर, जीप, पिक अप मिनि ट्रक, ट्याक्टर (संख्या अनुसार) | ८ भन्दा माथि रु.१५० ०० | ६ देखि ८ सम्म रु.१०००० | २ देखि ५ सम्म रु.७००० | एकमात्र ट्रक रु. ३००० |
| **६९** | पावर ट्रिलर, ट्रली, ठेला गाडी (संख्या अनुसार) | | | | ५०० |
| **सञ्चार सेवा** | | | | | |
| ७० | एफ एम १०० वाटसम्मको | १५००० | | | |
| ७१ | स्थानीय पत्रपत्रिका | ५००० | ३००० | २००० | १००० |
| ७२ | इन्टरनेट इमेल, साइवर सेवा | ८००० | ५००० | ३००० | २००० |
| ७३ | कुरीयर सेवा सञ्चालन | ८००० | ५००० | ३००० | २००० |
| **वित्तिय सेवा** | | | | | |
| ७४ | नेपाल सरकारको स्वामित्व बाहेकका बैंक | | | | १०००० |
| ७५ | मनिट्रान्सफर, मनी एक्सचेन्जर | | | | ५००० |
| ७६ | वित्तिय कम्पनी | | | | ५००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ७७ | बिमा कम्पनी (जीवन,निर्जीवन) | | | | ५००० |
| ७८ | सहकारी (कृषि, महिला) | | | | ३००० |
| ७९ | बचत तथा ऋण सहकारी | | | | ५००० |
| ८० | बहुउदेश्यीय सहकारी | | | | ५००० |
| **स्वास्थ्य सेवा** | | | | | |
| ८१ | नर्सिङ होम (१० सैया माथि र १० सैया मुनीका) | १०००० | ८००० | ५००० | ३००० |
| ८२ | क्लिनिक तथा ल्याब | ७००० | ५००० | ३००० | २००० |
| ८३ | फार्मेसी, औषधी पसल | ७००० | ५००० | ३००० | २००० |
| ८४ | डाक्टर परामर्श सेवा | ७००० | ५००० | ३००० | २००० |
| **शिक्षा सेवा** | | | | | |
| ८५ | आवासीय विद्यालय ( सामुदायिक विद्यालय बाहेक), | कलेज रु. २०००० | | मा.वि. रु. २०००० | आधारभुत १५००० |
| ८६ | मन्टेश्वरी, बाल विकास, प्ले ग्रुपको | | | | १०००० |
| ८७ | टिउसन सेन्टर, कोचिङ सेन्टर | | | | ७००० |
| ८८ | ड्राइभिङ तालिम केन्द्र तथा अन्य प्रशिक्षण केन्द्र | | | | ७००० |
| **अन्य व्यवसाय** | | | | | |
| ८९ | व्युटिपार्लर | ५००० | ३००० | २००० | १००० |
| ९० | ग्रिल उद्योग | १०००० | ८००० | ५००० | ३००० |
| ९१ | टायर रिसोलिङ | ८००० | ५००० | ३००० | २००० |
| ९२ | हेयर कटिङ | ५००० | ३००० | २००० | १००० |
| ९३ | ग्याँस लगायत किचनरी सामग्रीहरु | ८००० | ५००० | ४००० | ३००० |
| ९४ | सावुन उद्योग | १०००० | ८००० | ५००० | ३००० |
| ९५ | इन्जिनियरिङ कन्सल्टेन्सी सेवा | १०००० | ८००० | ५००० | ३००० |
| ९६ | सूचना प्रविधि कन्सल्टेन्सी सेवा | १०००० | ८००० | ५००० | ३००० |
| ९७ | अन्य कन्सल्टेन्सी सेवा | १०००० | ८००० | ५००० | ३००० |
| ९८ | स्वीमिङ पुल सेवा | १०००० | ८००० | ५००० | ३००० |
| ९९ | नेटवर्किङ, इन्टरनेट सेवा | १०००० | ८००० | ५००० | ३००० |
| १०० | ट्राभल एजेन्सी | १०००० | ८००० | ५००० | ३००० |

| | | | | | |
|---|---|---|---|---|---|
| १०१ | ढलान र सर्टिङ सामान भाडामा दिने | १०००० | ८००० | ५००० | ३००० |
| १०२ | लेखा परीक्षण सेवा क, ख र ग वर्गको क्रकश: | "क" बर्गको ७००० | | "ख" बर्गको ५००० | "ग" वा सो भन्दा मुनीको २००० |
| १०३ | कागज फ्याक्ट्री | १०००० | ८००० | ५००० | ३००० |
| १०४ | कपडा उद्योग | १०००० | ८००० | ५००० | ३००० |
| १०५ | ह्याण्डी क्राफ्ट | ५००० | ३००० | २००० | १००० |
| १०६ | गारमेण्ट उद्योग | १०००० | ८००० | ५००० | ३००० |
| १०७ | ट्रली तथा ट्रस उद्योग | १०००० | ८००० | ५००० | ३००० |
| १०८ | अन्य उद्योग | १०००० | ८००० | ५००० | ३००० |
| | | | | | |
| | १. उपरोक्त व्यवसाय दर्ता गर्दा अन्य संघीय वा प्रदेश कानूनले व्यवस्था गरेकोमा सोही बमोजिम हुने र त्यस्तो व्यवस्था नभएको हकमा उल्लिखित दरको २५ प्रतिशत व्यवसाय दर्ता शुल्क थप लगाईनेछ ।<br>२. उल्लिखित वर्गीकरणमा नपर्ने उद्योगको प्रकृति हेरी बार्षिक ५ सय देखि ५००० सम्म कर लगाउने निर्णय पालिका अध्यक्षले गर्न सक्नेछ। बार्षिक ५००० भन्दा माथि कर लगाउनु परेमा करको दर निर्णय गर्न सक्ने गरी गाउँ सभाले गाउँ कार्यपालिकालाई अधिकार प्रत्यायोजन गरिने छ ।<br>३. व्यवसायीको पूँजीको मापनको आधार कर चूक्ता विवरण मानिने छ ।<br>४. व्यवसाय नविकरण गर्ने म्याद प्रत्येक आ.व.को असोज मसान्त सम्म हुनेछ ।<br>५. व्यवसाय नविकरण दस्तुर व्यवसाय दर्ता दस्तुरको २० % ले हुन आउने रकम लाग्नेछ ।<br>६. व्यवसाय नविकरण समयावधि भन्दा ३ महिनापछि १५%, ६ महिना पछि ३०% र १ वर्ष नाघेपछि प्रत्येक वर्षको १००% का दरले जरिवाना दस्तुर लाग्नेछ ।<br>७. व्यवसायको नामसारी, ठाउँसारी, उद्देश्य परिवर्तन गर्दा प्रत्येक शिर्षकको १००० का दरले दस्तुर लाग्नेछ ।<br>८. महिलाको नाममा व्यवसाय दर्ता गरेमा दर्ता शूल्कमा १०% ले छुट गरिनेछ ।<br>९. घरेलु वा अन्य कार्यालयमा दर्ता भएको तर गाउँपालिकामा दर्ता नभएको व्यवसायहरुलाई सुचिकृतमा गाउँ कार्यपालिकाको **निर्णयअनुसार** विशेष छुट दिइनेछ ।<br>१०. सूचिकृत वा दर्ता नभएका व्यवसायबाट पालिकाले कुनै पनि कारोवार **गरिने छैन** । | | | | |

| | |
|---|---|
| | **११.** बागमती प्रदेशको आर्थिक ऐन २०८२ बमोजिम ढुङ्गा, गिटि, बालुवा को दररेट प्रति घन फिट दरले लाग्नेछ। |

**अनुसूची ५**
**(दफा ६ सँग सम्बन्धित)**
**जडिबुटि, कबाडी र जीवजन्तु करका दरहरु**

दुप्चेश्वर गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत देहाय बमोजिमको कर लगाईने छ।

| **क्र.सं.** | **व्यवसाय विवरण** | **प्रति क्विन्टल करका दरहरु** |
|---|---|---|
| १ | प्लाष्टिक , कागज आदिमा | ५० |
| २ | अन्य कबाडी सबै (सिसा, धातु) | १०० |
| ३ | अल्लो, साप्पाट लगायत रेशादार जडीबुटी | ५०० |
| ४ | च्याउजन्य जडिबुटी व्यापार | ५०० |
| ५ | सल्ले खोटो व्यवसाय | ५०० |
| ६ | ऊन व्यवसाय | २०० |
| **७** | **अन्य जडिबुटी वा जिवजन्तु करको हकमा बार्षिक रु. ५०० देखि रु. ५००० सम्मको कर गाउँपालिका अध्यक्षस्तरको निर्णयबाट लगाउन सक्ने र सो भन्दा बढी लगाउनुपर्ने व्यवसायमा गाउँ कार्यपालिकाको निर्णयबाट लगाउन सकिनेछ ।** | |
| | **नोट : प्रति क्विन्टल न्युनतम कर लाग्ने** | |

- सरकारी स्वामित्व भन्दा बाहेकका देहायका निजी तथा व्यवसायीक प्रयोजनका सवारी साधनहरु गाउँपालिकाको क्षेत्र भित्र दर्ता भएका वा सञ्चालन हुने सवारी साधनलाई गाउँपालिकाले निम्नानुसार कर लगाइने छ ।

| **क्र.स.** | **सवारीको किसिम** | **बार्षिक सवारी कर (आ.व. २०८१।८२)** |
|---|---|---|
| १ | बस, ट्रक, लरी तथा अन्य हैभी सवारीहरु | २००० |
| २ | कार, जीप (भाडाको) | १००० |
| ३ | भाडाको टेम्पु, पावर ट्रिलर | ६०० |
| ४ | भाडाको माइक्रो बस | ८०० |
| ५ | निजी प्रयोजनको कार, जीप | १००० |
| ६ | मोटर साईकल, स्कुटर | ५०० |
| ७ | ट्रेक्टर | १५०० |
| ८ | मिनिट्रक, पिकअप जिप, | १५०० |
| ९ | रिक्सा, ठेला, ट्राली | १०० |
| १. उपरोक्त सवारी साधन दर्ता गर्दा उल्लिखित दरको २५ प्रतिशत रकम थप दर्ता शुल्क लाग्नेछ । तर, संघीय वा प्रदेश कानूनले सवारी साधनको दर्ता शूल्क सम्बन्धमा अन्यथा व्यवस्था गरेमा सोही बमोजिम हुनेछ । | | |

## अनुसूची ६
### (दफा ७ सँग सम्बन्धित)
### विज्ञापन करका दरहरु

दुप्चेश्वर गाउँपालिका क्षेत्रभित्र कसैले विज्ञापन सम्बन्धी होडिङवोर्ड, तुल, भित्ते लेखन वा माइकिङ गरेमा देहायबमोजिमको विज्ञापन दस्तुर लगाउने ।

| क्र.सं. | विज्ञापनका माध्यम | करको दर (प्रति वर्ग फिट रु.) |
|---|---|---|
| १ | होडिङवोर्ड प्रति वर्गफिट (एक पटक लिने) | ५० |
| २ | भित्ते लेखन (एक पटक) | १० |
| ३ | तूल व्यानर, फ्लेक्स (प्रति हप्ता) | ५ |
| ४ | माइकिङ, प्रचार | १०० (प्रति दिन) |
| ५ | अस्थायी गेट निर्माण | २०० (प्रति गेट) |
| १. मादक पदार्थ र धुम्रपानको विज्ञापनमा उपरोक्त दरमा २५ प्रतिशत थप कर लाग्नेछ।<br>२. सार्वजनिक महत्वका जनचेतना वृद्धि गर्ने र सरकारी कार्यालयबाट राखिएका उपरोक्तानुसारका सामग्रीमा कर लाग्ने छैन । | | |

- दुप्चेश्वर गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा देहायबमोजिम मनोरन्जन कर लगाउने र असुल उपर गर्ने । तर ,प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुने ।

| क्र.सं. | व्यवसाय विवरण | २०८१।८२ |
|---|---|---|
| १ | सिनेमा हल प्रति बर्ष | ५००० |
| २ | केबुल लाईन | ५००० |
| ३ | ३ डि सिनेमा हल | ८००० |
| ४ | रमाइलो मेला प्रति दिन | १००० |
| ५ | कन्सर्ट, दोहोरी गित आदि प्रति पटक | १००० |
| ६ | पिकनिक स्पट | २०० |
| ७ | चलचित्र सुटिङ्ग | |
| | नेपाली | १००० |
| | विदेशी | २००० |

**अनुसूची ७**
**(दफा ८ सँग सम्बन्धित**
**मनोरञ्जन कर**

१. सभा, सम्मेलन, उत्सव, महोत्सवमा पटके रुपमा गाउँपालिकाबाट निर्धारण गरिनेछ ।
२. सार्वजनिक स्थलमा पिकनिक शूल्क रु ३००। लिईने छ ।

**अनुसूची ८**
**(दफा ९ सँग सम्बन्धित)**
**सेवा शूल्क दस्तुर**

गाउँपालिका वा अन्तर्गतका सरकारी निकायले आफ्नो रेखदेखमा रहेको सार्वजनकि सडक, बाटो, चौरमा रहेका हाट बजार, कठघरा, सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटो छेउमा अस्थायी पसल थाप्न गाउँपालिकाको नियमानुसार दिए बापत देहाय बमोजिमको मासिक बहाल विरौट शुल्क लिइने छ ।

| क.सं. | विवरण | बार्षिक प्रति वर्ग फिट दर रु. |
|---|---|---|
| १ | सहायक सडकको दायाँ बायाँ चैते चोक देखि समुन्द्रटार राउतवेशी गोल्फुभञ्ज्याङ्ग र समुन्द्रटारदेखि रामती घ्याङ्गफेदी सम्ममा रहेको अस्थायी पसल | ५ |
| २ | सहायक सडकको दायाँ बायाँ रहेको अन्य ऐलानी जग्गामा टहरो , कठघरा | ४ |
| ३ | सहायक सडकमा जोडिने सडकको दाँयावाया रहेको टहरो, कठघरा | ३ |
| ४ | ग्रामिण सडकको दायाँबायाँ रहेका टहरो र कठघरा | २ |
| ५ | मन्दिर, गुम्बा वा धार्मिक स्थलमा रहेका अस्थायी पसल | २ |
| ६ | वन क्षेत्र, खाली ऐलानी जग्गा, खोलाको तिर वा बगरमा रहने पसल वा रेष्टुरेण्ट वा व्यवसाय वा घाटगद्दी आदिको | २ |

- गाउँपालिकाको क्षेत्रभित्रका सार्वजनिक चौर, बजारको सार्वजनिक खाली क्षेत्र वा अन्य सार्वजनिक पार्किङ स्थलमा देहाय बमोजिमको पार्किङ शूल्क लिन सक्नेछ ।

| **क्रसं** | **सवारी साधनको किसिम** | **पार्किङ शूल्क प्रति दिन** |
|---|---|---|
| १ | बस, ट्रक, मिनिबस, हेभी गाडी | ५० |
| २ | ट्रिपर, मिनी ट्रक, पिकअप, माईक्रो, भ्यान, जिप, कार, ट्याक्सी, | ४० |
| ३ | मोटर साईकल, स्कुटर, पावरट्रिलर | ३० |

- दुप्चेश्वर गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट तपशिलमा व्यवस्था भए अनुसार शुल्क लगाउने र असूल उपर गर्न सक्ने छ।

| **(क) सडक मर्मत शुल्क** | | |
|---|---|---|
| **क्र. सं.** | **सवारीको किसिम** | **बार्षिक सडक मर्मत शुल्क (आ.व. २०८२।८३)** |
| १ | बस, ट्रक, लरी तथा अन्य हेभी सवारीहरु | ५०० |
| २ | कार, जीप ( भाडाको ) | ३०० |
| ३ | भाडाको टेम्पु, पावर ट्रिलर | १०० |
| ४ | माइक्रो बस | ३०० |
| ५ | निजी प्रयोजनको कार, जीप | ३०० |
| ६ | मोटर साईकल, स्कुटर | १०० |
| ७ | ट्रेक्टर | ५०० |

| | | |
|---|---|---|
| ८ | मिनिट्रक, पिकअप जिप, | ३०० |

**(ख) नक्सापास दस्तुर**

| | **संरचनाको प्रकार** | **नक्सापास क्षेत्र अनुसार को दस्तुर रु. (प्रति वर्गफिट)** | | |
|---|---|---|---|---|
| | | **“क”** | **“ख”** | **“ग”** |
| १. | आर.सि.सि. मल्टिप्लेक्स व्यवसायिक भवन, लिफ्ट जडान हुने | | | |
| | अन्डर ग्राउण्ड भुई तला र पहिलो तलामा | ६ | ५ | ४ |
| | दोश्रो तला | ६ | ५ | ४ |
| | तेश्रो तला | ७ | ६ | ५ |
| | चौथो तला | ८ | ७ | ६ |
| | पाँचौ तला | ९ | ८ | ७ |
| | छैठौ तला वा सो भन्दा माथि | १० | ९ | ९ |
| २. | आर.सि.सि. सिमेन्टमा जोडाइ भएको घर | “क” | “ख” | “ग” |
| | अण्डर ग्राउण्ड, भुई तला र पहिलो तलामा | ५ | ४ | ३ |
| | दोश्रो तला | ५।५० | ४।५० | ३।५० |
| | तेश्रो तला | ६ | ५ | ४ |
| | चौथो तला | ७ | ६ | ५ |
| | पाँचौ तला | ८ | ७ | ६ |
| | छैठौ तला वा सो भन्दा माथि | १० | ९ | ९ |

| | | | | |
|---|---|---|---|---|
| ३. | जस्ता वा अन्य छानो भएको पक्की इट्टा, ढुंगामा सिमेन्टको जोडाई भएको घर | “क” | “ख” | “ग” |
| | भुई तला र पहिलो तलामा | ४ | ३।५० | ३ |
| | दोश्रो तला | ४।५० | ४ | ३।५० |
| ४. | माटोको जडाइमा इट्टा वा ढुंगाको गारो वा आर.सि.सि., आर.वि.सी. जस्ता निर्माण | “क” | “ख” | “ग” |
| | भुई तला र पहिलो तलामा | ३ | २ | २ |
| | दोश्रो तला | ३।५० | २।५० | २।५० |
| ५. | अस्थायी घर निर्माण (खपडा, फुस, छाना, प्लाष्टिक) प्रति घर | | | १५० |
| ६ | ले-आउट दस्तुर प्रतिघर | | | ४०० |
| ७ | घरको नक्सा प्रतिलिपी दस्तुर एकमुष्ठ | | | ४०० |
| ८ | घर सम्पन्न निरीक्षण दस्तुर | | | ४०० |
| ९ | नक्सा नामसारी दस्तुर (नक्सा पासको लागि लाग्ने दस्तुरको) | | | ३० प्रतिशत |
| १० | नाक्शा पासको किताब | | | १००० |
| ११ | निर्माण सम्पन्न प्रमाण पत्र दस्तुर | | | २००० |

(क) बिना इजाजत गाउँपालिका क्षेत्रमा घर बनाई पछि नक्सा पास गराउन आएमा प्राविधिकले निरीक्षण गरी नक्सा पास गर्न मिल्ने भए सो अवस्थामा तोकिएको दस्तुरको दोब्बर दस्तुर लाग्नेछ ।

(ख) नक्सापास क्षेत्र “क” भन्नाले सहायक मार्ग (चैतेचोक देखि समुन्द्रटार गोल्फुभञ्ज्याङ्ग तथा रामती घ्याङ्गफेदी सडक) मा मोहोडा भएका जग्गामा बन्ने घरको क्षेत्रलाई बुझाउँछ । नक्सापास क्षेत्र “ख” भन्नाले सहायक मार्ग (चैतेचोक देखि समुन्द्रटार गोल्फुभञ्ज्याङ्ग तथा रामती घ्याङ्गफेदी सडक) सँग मोहडा नभएको दायाँबायाँ २०० मिटरको समथर भुभाग र सहायक मार्ग (चैतेचोक देखि समुन्द्रटार गोल्फुभञ्ज्याङ्ग तथा रामती घ्याङ्गफेदी सडक) मा जोडिने अन्य सडमा मोहडा भई मुल सडक (

| | | |
|---|---|---|
| चैतेचोक देखि समुन्द्रटार गोल्फुभञ्ज्याङ्ग तथा रामती घ्याङ्गफेदी सडक) को १ किलोमिटर दुरीभित्र पर्ने क्षेत्रलाई जनाउँछ। नक्सापास क्षेत्र “ग” भन्नाले नक्सापास क्षेत्र “क” र “ख” भन्दा बाहेकको क्षेत्रलाई बुझाउँछ। | | |
| **(ग) प्लटिङ गर्दा लाग्ने दस्तुर** | | |
| १ | ५ रोपनी सम्मको प्रतिप्लट (कित्ता /पटक) | रु.५०० |
| २ | ५ रोपनी भन्दा माथि १० रोपनी सम्मको प्रतिप्लट (कित्ता /पटक) | रु.१००० |
| ३ | १० रोपनी भन्दा माथि प्रतिप्लट (कित्ता /पटक) | रु. १५०० |
| **(घ) सिफारिश दस्तुर रु.** | | |
| १. | नाता प्रमाणित | २०० |
| २. | कन्सुलर प्रमाणित | ५०० |
| ३. | नाता सम्बन्ध | २०० |
| ४. | घरजग्गा नामसारी र अन्य मालपोत सम्बन्धी सिफारिस मुचुल्का सहित | ५०० |
| ५. | घर पाताल/घर कायम प्रमाणित | २०० |
| ६. | नेपाल सरकारको नाममा बाटो कायम सीफारिस | २०० |
| ७. | मोही लगत कट्टा सिफारिस | २०० |
| ८. | अविवाहित प्रमाणित | २०० |
| ९. | विवाह प्रमाणित | २०० |
| १०. | नगरिकता प्रमाणपत्र, प्रतिलिपी दस्तुर | |
| | क) वंशजको नागरिकता सम्बन्धी सिफारिस | १०० |
| | ख) अंगिकृत नागरिकता सम्बन्धी सिफारिस | १००० |
| | ग) नागरिकता प्रतिलिपि सिफारिस | ५०० |
| ११. | नाम फरक भएको एकै व्यक्ति हो भन्ने सिफारिस | १०० |
| १२. | व्यक्तिगत घटना दर्ता विलम्ब शूल्क | २०० |

| | | |
|---|---|---|
| १३. | घर कायम सिफारिस | ३०० |
| १४. | पेन्सन कार्ड वा सो सम्बन्धी अन्य सिफारिस | |
| | (क) नेपालको लागि | २०० |
| | (ख) भारतको लागि | ४०० |
| | (ग) अन्य मुलूकको लागि | १००० |
| १५. | हकवाला संरक्षण सम्बन्धी सिफारिस (व्यक्ति, संस्था) | १०० |
| १६. | हकवाला वा हकदार प्रमाणित | २०० |
| १७. | कागज मञ्जूरीनामा प्रमाणित | ५०० |
| १८. | मरुवा नामसारी (सम्पत्ति) वापत | ३०० |
| १९. | जन्म ,मृत्यू, जीवित रहेको सम्बन्धी प्रमाणित/ सिफारिस | २०० |
| २०. | नाम, थर, जन्म मिति संशोधन सिफारिस/ प्रमाणित | २०० |
| २१. | सर्जमिन मुचुल्का | ५०० |
| २२. | संघ संस्था दर्ता सम्बन्धी सिफारिस | ५०० |
| २३. | गैर सरकारी संस्था अनूमति प्रदान सिफारिश | १००० |
| २४. | अंग्रेजी सिफारिस प्रमाणीकरण | ५०० |
| २५. | अङ्ग्रेजी कागजात सिफारिस | ५०० |
| २६. | व्यक्तिगत विवरण सिफारिस | १०० |
| २७. | सनाखतको सिफारिस | २०० |
| २८. | चारित्रिक सिफारिस | १०० |
| २९. | लालपूर्जा प्रतिलिपी सिफारिस | ३०० |
| ३०. | निजी विद्यालय दर्ता वा स्तर बृद्धि, कक्षा वृद्धि | |
| | (क) पुर्व प्राथमिक र मन्टेश्वरी | १५०० |
| | (ख) आधारभुत विद्यालय | २००० |
| | (ग) माध्यामिक | २५०० |
| ३१. | विद्यालय ठाउँसारी सिफारिस | |
| | (क) पुर्व प्राथमिक र मन्टेश्वरी | ५०० |
| | (ख) आधारभुत विद्यालय | १००० |

| | | |
|---|---|---|
| | (ग) माध्यामिक | १५०० |
| ३२. | काठ दाउराको सिफारिस, काठ ब्यवसायिक कारोबार सिफारीस प्रति प्रति क्यु.फि.(कुकाठ)/ व्यवसायिक काठ | ३ / १०० |
| ३३. | घर जग्गा, चार किल्ला प्रमाणित | |
| | क) चार किल्ला प्रमाणित सिफारिस (एक कित्ता भन्दा बढी भएमा थप कित्ताको प्रति कित्ता रु.२०।०० थप) | २०० |
| | ख) घरबाटो भए /नभएको प्रमाणित (स्थलगत निरीक्षण गरिएकोमा थप प्रति कित्ता ५०) | २०० |
| | ग) घर जग्गा कर रसिद प्रतिलिपी | ५० |
| | घ) घर जग्गा छुट्याउन अमिन फिल्ड जानु पर्दा प्रति कित्ता | १००० |
| | ङ) जूनसूकै प्रकारको सर्जिमन मुचुल्का | ३०० |
| ३४. | रकम कलम उठाइदिए वापत सयकडा | ३% |
| ३५. | स्थायी बसोबास, बसाई सराई सम्बन्धी सिफारिस/ प्रमाणित | |
| | (क) स्वदेशमा बसोबास | २०० |
| | (ख) भारतमा बसोबास | २०० |
| | (ग) अन्य मूलुक | ५०० |
| ३६. | अमिन शूल्क प्रति कित्ता | २०० |
| ३७. | विद्यूत जडान सम्बन्धी सिफारिस | |
| | क) टूफेज | २०० |
| | ख) थ्रिफेज | १००० |
| ३८. | टेलिफोन जडान,नामसारी, ठाउँसारी सम्बन्धी सिफारिस | १०० |
| ३९. | धारा जडान,नामसारी, ठाउँसारी सम्बन्धी सिफारिस | |
| | क) निजी | २०० |
| | ख) संघ, संस्था, उद्योग व्यवसायको लागि | १००० |
| ४०. | काठ कटान र निकारी गर्न सिफारिस (प्रति रुख ) | ५० |

| | | |
|---|---|---|
| ४१. | उद्योग स्थापना, ठाउंसारी, नामासारी सिफारिस | |
| | क) घरेलू, लघू तथा साना उद्योग | ५०० |
| | ख) मभौला उद्योग | १००० |
| | ग) ठुला उद्योग | २००० |
| ४२. | भवन निर्माणको साधारण स्वीकृति सम्बन्धी सिफारिस | १०० |
| ४३. | छात्रवृत्ति सम्बन्धी सिफारिस | |
| | क) स्वदेश | १०० |
| | ख) विदेश | २०० |
| ४४. | अपुताली सम्बन्धी सिफरिश | |
| | (क) नेपाल भित्रको | ५०० |
| | (ख) विदेशको | १००० |
| ४५. | विपन्न विद्यार्थी भएको सिफारिस | निशूल्क |
| ४६. | विपन्न सिफारिस | निःशुल्क |
| ४७. | अपाङ सिफारिस | निःशुल्क |
| ४८. | निःशूल्क वा सशूल्क उपचार सिफारिस | निःशुल्क |
| ४९. | सामाजिक सूरक्षा भत्ता सिफारिस | निःशुल्क |
| ५०. | विपद पर्दाको सिफारिस | निःशुल्क |
| ५१. | घर बाटो प्रमाणित | २५० |
| ५२. | मूद्धा दर्ता सिफारिस | १०० |
| ५३. | जन्म मिति प्रमाणित | १०० |
| ५४. | अस्थायी/स्थायी बसोबास सिफारिस | १०० |
| ५५. | व्यवसाय बन्द, सञ्चालन नभएको सिफारिश | ५०० |
| ५६. | व्यापार व्यवसाय नभएको सिफारिश | १०० |
| ५७. | कोर्ट फि मिनाहा सिफारिश | ५० |
| ५८. | नाबालक परिचयपत्र सिफारिश | १०० |
| ५९. | चौपाया लिनेदिने सम्बन्धी सिफारिश | १०० |
| ६०. | सिफारिसको प्रतिलिपी | ५० |

| | | |
|---|---|---|
| ६१. | जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाईसराई (घट्ना दर्ता) | ५० जन्मेको ३५ दिन सम्म निशुल्क |
| ६२. | अन्य सिफारिस | २०० |
| ६३. | घर तथा परिवार दर्ता तथा नविकरण | १०० |
| ६४. | समुह दर्ता तथा नविकरण | ५०० |
| ६५. | उपभोक्ता समिति /टोल सुधार समिति दर्ता | १००० |
| ६६. | योजना किताब शुल्क | ५०० |
| ६७. | होडिङ बोर्ड शुल्क | ५०० |
| ६८. | बैङ्क खाता सञ्चालन शूल्क | २०० |
| ६९. | बैङ्क खाता बन्द शूल्क | २०० |
| ७०. | उपभोक्ता समिति नविकरण | ५०० |
| ७१. | उपभोक्ता समिति खारेजी | ५०० |
| | **अन्य** | |
| ७२. | निवेदन फाराम प्रति पाना | २० |
| ७३. | अनूसुची | २० |
| ७४. | निवेदन दर्ता शूल्क | १० |
| ७५. | भवन निर्माण दरखास्त फाराम | १०० |
| ७६. | घरपालूवा कूकूर दर्ता र नवीकरण दस्तूर | १०० |
| ७७. | मिलापत्र दस्तूर प्रति पक्ष | २०० |
| ७८. | योजना सम्भौता/सम्पन्न सिफारिश | ५०० |
| ७९. | प्रमाण पत्र प्रतिलिपि | ५०० |
| ८०. | कृषि आम्दानी प्रमाणित | ५०० |
| ८१. | परिक्षा दस्तुर | |
| | अधिकृत वा सो सरह | १२०० |
| | चौथौ वा पाँचौं | ७०० |
| | श्रेणी विहिन | ४०० |
| ८२. | सहकारी/ समुह/ प्राईभेट फर्म/ गैसस सूचिकरण | १००० |

| | | |
|---|---|---|
| ८३. | छुट जग्गा दर्ता सिफरिस निवेदन फारम र निवेदन दर्ता दस्तुर समेत | |
| | १ रोपनी सम्म | ५०० |
| | १ रोपनी देखि ५ रोपनी सम्म | १००० |
| | ५ रोपनी देखि सो भन्दा माथि सम्म | १५०० |
| | जग्गा नामसारी सिफारिस निवेदन दर्ता र निवेदन फारम समेत | |
| | ५ रोपनी सम्म | १०० |
| | ५ रोपनी देखि २० रोपनी सम्म | २०० |
| | २० रोपनी देखि सो भन्दा माथि सम्म | ५०० |
| ८४. | मोही दर्ता तथा मोही नामसारी सिफारिस | |
| | ५ रोपनी सम्म | ५०० |
| | ५ रोपनी देखि माथि जतिसूकै भएपनि | १००० |
| नोटः आर्थिक अवस्था कमजोर, दीन दुःखीहरुको हकमा अध्यक्ष÷ उपाध्यक्षको तोक आदेश अनुसार सिफारिश दस्तूर मिनाहा गर्न सकिनेछ । | | |
| (ङ) सम्पत्ति ÷आम्दानी प्रमाणित | | |
| | ऋण र वैदेशिक रोजगारका लागि | |
| १ | रु.१० लाखसम्म | १०००।०० |
| २ | रु.२० लाखसम्म | १,५००।०० |
| ३ | रु.३० लाखसम्म | २,५००।०० |
| ४ | रु.४० लाखसम्म | ३,५००।०० |
| ५ | रु.५० लाखसम्म | ४,०००।०० |
| ६ | रु.५० लाखभन्दा बढी प्रत्येक १ लाखमा | १००।०० |
| | अध्ययनको लागि | |
| १. | रु.२० लाखसम्मको | १००० |
| २. | रु.३० लाखसम्मको | १५०० |
| ३. | रु.५० लाखसम्मको | २५०० |

- प्रचलित कानुन बाहेक कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

| | | |
|---|---|---|
| ४. | रु.५० लाखभन्दा बढी प्रत्येक १ लाखमा | ५०का दरले थप |
| गाउँपालिकाले मूल्यांकन गरेको सिफारिसको पूनः नवीकरण गर्नु पर्दा जुन प्रयोजनका लागि गरिएको हो सोका लागि लाग्ने दस्तुरको ५ प्रतिशत राजश्व लिइनेछ। | | |
| **च) घर, जग्गा वा सम्पत्ति मुल्यांकन दस्तुर** | | |
| | क) ५ लाख रुपैयासम्म | रु.५००।०० |
| | ख) ५ लाख देखि १० लाख रुपैयासम्म | रु.१,०००।०० |
| | ग) १० लाख देखि २० लाख रुपैयासम्म | रु.१,५००।०० |
| | घ) २० लाख देखि ५० लाख रुपैयासम्म | रु.२०००।०० |
| | ङ) ५० लाख देखि १ करोड रुपैयासम्म | रु.२५००।०० |
| | च) १ करोड भन्दा माथि कूल मुल्यको | ०.०३ प्रतिशत |
| | अंशवण्डा र दानबकसमा | उल्लिखित रकमको ५० प्रतिशत |
| गाउँपालिकाले मूल्यांकन गरेको सिफारिसको पूनःनवीकरण गर्नु पर्दा जुन प्रयोजनका लागि गरिएको हो सोका लागि लाग्ने दस्तुरको ५ प्रतिशत राजश्व लिइनेछ। | | |

- माथि उल्लेखित बाहेक अन्य विषयहरुमा कर निर्धारण ५००० सम्मको कर गाउँपालिका अध्यक्षबाट र ५००० भन्दा बढी कर निर्धारण गर्नुपर्ने भए गाउँकार्यपालिकाबाट निर्धारण गरिनेछ ।

आज्ञाले
महेश कुमार मिश्र
प्रमुख प्रशासकीय अधिकृत